# विनियोजन विधेयक २०७५
# मन्थली नगरपालिका

**प्रस्तावना:** मन्थली नगरपालिकाबाट आर्थिक वर्ष २०७५/०७६ मा सञ्चालन हुने सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट आवश्यक रकम खर्च गर्न, खर्च गर्ने अधिकार प्रत्यायोजन गर्न र उक्त रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मन्थली नगरपालिकाले यो विधेयक तयार गरी नगरसभा समक्ष पेश गरेको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस विधेयकको नाम मन्थली नगरपालिकाको विनियोजन विधेयक २०७५ रहेको छ । (२) यो विधेयक नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२.सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च, ससर्त खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **६२९७४२०००।-** (बैसठ्ठी करोड सन्तानब्बे लाख बयालीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

प्रदेश सरकारबाट वजेटको शिलिङ हालसम्म प्राप्त नभएकाले आगामी आ.व.मा खर्च गर्न सक्ने गरी प्रदेश सरकारबाट ससर्त तथा निसर्त अनुदान प्राप्त भएमा उक्त अनुदान रकम समेत यस नगरपालिकाको सञ्चित कोषमा जम्मा गरी खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को नियमित मन्थली नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालीकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए ता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

# सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजार

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | ससर्त | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | वित्तीय समानीकरण | | ९२९६२ | | ९२९६२ |
| | | राजस्व बाँडफाँड | ८५६४२ | | | ८५६४२ |
| | | आन्तरिक स्रोत | २१३०० | | | २१३०० |
| | **जम्मा** | | **१०६९४२** | **९२९६२** | | **१९९९०४** |
| २ | वडा समिति | वित्तीय समानीकरण | | १२६०३८ | | १२६०३८ |
| | | राजस्व बाँडफाँड | ११३०० | | | ११३०० |
| | | आन्तरिक स्रोत | २७०० | | | २७०० |
| | **शीर्षकगत जम्मा** | | **१४०००** | **१२६०३८** | | **१४००३८** |
| | **ससर्त (सङ्घ)** | | | | २८९८०० | २८९८०० |
| | **कुल जम्मा** | | १२०९४२ | २१९००० | २८९८०० | ६२९७४२ |
| ३ | विषयगत शाखा | | | | | |
| ४ | ऋणको साँवा ब्याज भुक्तानी | | | | | |
| ५ | लगानी (शेर/ऋण) | | | | | |
| ६ | प्रदेश सरकारबाट प्राप्त निसर्त अनुदान | | | | | |
| ७ | प्रदेश सरकारबाट प्राप्त सर्सत अनुदान | | | | | |